काँक्रेविहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १४७ ❐ मंगलवार, २६ फागुन, २०८२ ❐ Tuesday, 10 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

निर्वाचनका सम्पूर्ण कार्य चैत पहिलो साताभित्र सम्पन्न हुने



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २५ फागुन

निर्वाचन आयोगले फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनको सम्पूर्ण कार्यहरू चैत्रको पहिलो साताभित्र सम्पन्न हुने जनाएको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले चैत्रको पहिलो साताभित्र समानुपातिकतर्फ निर्वाचित हुनेहरूलाई प्रमाणपत्र दिने लगायतका सम्पूर्ण कामहरू सम्पन्न भइसक्ने जानकारी दिए।

उनले मंगलबारसम्म समानुपातिकतर्फको सबैतिर गणना भइसक्ने अनुमान आयोगले गरेको बताए। प्रवक्ता भट्टराईले मतगणना सम्पन्न भइसकेपछि खसेको सदर मतको प्रतिशतका आधारमा सम्बन्धित दलले प्राप्त गरेको मतको प्रतिशतका आधारमा समानुपातिक बन्द सूचीबाट छनोट हुने उम्मेदवारको नामावली सम्बन्धित दलहरूसँग माग गरिने जानकारी दिए। त्यसपछि दलहरूबाट प्राप्त भएका नामलाई क्लस्टरअनुसार रुजु गर्दै निर्वाचित हुने सदस्यहरूको छनोट गर्ने र आयोगमा प्रमाणपत्र दिइने उनले बताए।

प्रत्यक्षतर्फ निर्वाचित भएकाहरूलाई निर्वाचन अधिकृतको कार्यालयबाट प्रमाणपत्र प्रदान गरिएको आयोगले जनाएको छ। निर्वाचनमा प्रत्यक्ष र समानुपातिक दुर्वतर्फ रास्वपाको अग्रता रहेको छ।

राष्ट्रियसभाका नवनिर्वाचित १८ सांसदले लिए पद तथा गोपनीयताको शपथ

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २५ फागुन

माघ ११ गते सम्पन्न राष्ट्रिय सभा निर्वाचनबाट निर्वाचित भएका १८ सांसदहरूले पद तथा गोपनीयताको शपथ लिएका छन्। सिंहदरबारस्थित कानुन न्याय तथा मानव अधिकार समितिको हलमा सोमबार सांसदहरूले पद तथा गोपनीयताको शपथ लिएका हुन्।

विशेष समारोहका बिचमा राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले उनीहरूलाई पद तथा गोपनीयताको शपथ दिलाएका हुन्।

५९ सदस्यीय राष्ट्रिय सभामा एक तिहाइ सदस्यका लागि प्रत्येक दुई-दुई वर्षमा निर्वाचन हुन्छ। जसअनुसार यही २० फागुनमा १९ जना सांसदको कार्यकाल सकिएको थियो। रिक्त एक सिट भने सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने प्रावधान रहेकाले १८ सांसद चुन्न माघ ११ गते निर्वाचन भएको थियो।

निर्वाचनमा कोशी प्रदेशबाट सुनिलबहादुर थापा, रोशनी मेचे र सोम पोर्तेल, मधेस प्रदेशबाट महन्थ ठाकुर, धमेन्द्र पासवान, रञ्जित कर्ण र रेखा झा निर्वाचित भएका थिए।

बागमती प्रदेशबाट गीता देवकोटा र डा. प्रेम दंगाल, गण्डकी प्रदेशबाट जगत तिमिल्सिना र सम्झना देवकोटा, लुम्बिनी प्रदेशबाट रामकुमारी झाँक्री, वासुदेव जंगली र चन्द्रबहादुर केसी, कर्णाली प्रदेशबाट ललितजंग शाही र मिना रखाल तथा सुदूरपश्चिम प्रदेशबाट खम्मबहादुर खाती र लीला भण्डारी निर्वाचित भएका थिए।

कर्णालीमा प्रत्यक्षतर्फ एक सिट जितेको रास्वपा दुई क्षेत्रमा पहिलो दल बन्यो

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २५ फागुन

कर्णाली प्रदेशमा प्रत्यक्षतर्फको निर्वाचन प्रणालीमा एक सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुई निर्वाचन क्षेत्रमा पहिलो दल बनेको छ।

सुर्खेत क्षेत्र नम्बर-२ मा रास्वपा उम्मेदवार रमेशकुमार सापकोटाले अप्रत्याशित र ऐतिहासिक जित हासिल पारेका थिए। भने सुर्खेत-२ र सल्यान निर्वाचन क्षेत्रमा रास्वपा पहिलो दल बनेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिकतर्फको मतगणना अनुसार कर्णालीका यी दुई क्षेत्रमा रास्वपा पहिलो दल बनेको हो।

कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतका सूचना अधिकारी नन्दराम चौलागाईंका अनुसार समानुपातिकतर्फ पहिलो दल बनेको रास्वपाले सुर्खेत-२ मा ३३ हजार ६९९ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले १४ हजार ३२० मत प्राप्त गरी दोस्रो स्थान सुरक्षित गरेको छ। भने नेकपा (एमाले) ले १२ हजार ६२, नेपाली कम्युनिष्ट पार्टीले चार हजार २८९ र श्रम संस्कृति पार्टीले दुई हजार २७१ मत र राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई हजार १२५ मत प्राप्त गरी क्रमश तेस्रो, चौथो र पाँचौं बनेका छन्।

सूचना अधिकारी चौलागाईंले दिएको जानकारी अनुसार सुर्खेत-२ मा एक लाख २८ हजार ४६७ कूल मतदाता रहेका थिए। जसमा यो क्षेत्रमा ७३ हजार ११३ मत खसेको थियो। ७० हजार ४४२ मत सदर हुँदा दुई हजार ६७१ मत बदर भएको थियो। भने समानुपातिकतर्फ सो क्षेत्रमा ५७ दलहरूले भाग लिएको कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतले जनाएको छ।

यस्तै, सल्यानमा प्रत्यक्षतर्फको निर्वाचनमा दोस्रो भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) समानुपातिक तर्फ भने पहिलो दल बनेको छ। जिल्ला निर्वाचन कार्यालयका अनुसार रास्वपाले २५ हदार ६६५ मत प्राप्त गरेको हो। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) प्रतयक्षतर्फ निर्वाचन जितेपनि समानुपातिकतर्फ भने २० हजार ३२९ मतसहित दोस्रो भएको छ।

यस्तै, तेस्रोमा नेपाली कांग्रेसले १६ हजार ०६१ मत ल्याएको छ। भने नेकपा एमाले १४ हजार ९२ मतसहित चौथो स्थानमा सिमित भएको छ। २०७९ को निर्वाचनमा जिल्लामै पहिलो भएको एमाले यस पटक चौथोमा सिमित भएको हो। जिल्लामा समानुपातिक एक लाख ६२ हजार ५४५ मतदाता रहेका थिए। जसमा ८३ हजार ८२५ मत खसेको थियो। कुल तीन हजार ३५ मत बदर हुँदा ८० हजार ७९० मत मात्र सदर भएको थियो। प्रत्यक्षतर्फ नेकपाका रमेश कुमार मल्ल २३ हजार १८९ मत ल्याएर निर्वाचित भएका छन्। मल्लका निकटतम प्रतिद्धन्दि राष्ट्रिय स्वतन्त्र पार्टीका ललित कुमार चन्दले २० हजार ९०४ मत प्राप्त गरे। यस्तै, नेपाली कांग्रेसका केश बहादुर विष्ट १७ हजार ५५८ र नेकपा एमालेका गुलाब जंग शाह १५ हजार ३७३ मतमै सिमिति रहे। राष्ट्रिय प्रजातन्त्र पार्टीकी अनिषा नेपालीले ९०२ मत प्राप्त गरिन्। एक लाख ६२ हजार ४४९ मतदाता रहेको सल्यानमा ८३ हजार १६७ मत खसेको थियो।

प्रत्यक्षतर्फ निवाचित ४७ वर्षीय रमेश कुमार मल्ल विद्यार्थी राजनीतिबाट पार्टी राजनीतिमा उदाएका नेता हुन्। २८ माघ २०३५ मा सल्यानको कुमाख गाउँपालिका ५, बाल्लेमा जन्मिएका मल्ल पछिल्लो तीन दशकदेखि राजनीतिमा क्रियाशील छन्। २०५० सालमा उनले तत्कालीन माओवादीनिकट अनेर स्ववियु (क्रान्तिकारी) को सदस्यता लिएर विद्यार्थी आन्दोलनमा होमिएका थिए।

यता सुर्खेत-२ मा नेपाली कांग्रेस र नेकपा एमालेका बलिया उम्मेदवारलाई भारी मतान्तरले पराजित गर्दै राजनीतिक वृत्तमा नयाँ सन्देश दिएका रमेशकुमार सापकोटा ३० हजार ८२६ मत प्राप्त गर्दै विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी नारायणकुमार कोइराला (नेपाली कांग्रेस)ले १६ हजार ३९२ मत ल्याए, भने कुलमणि देवकोटा (नेकपा एमाले) ले १३ हजार १५५ मतमा सीमित भए। कर्णाली प्रदेशका १२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये रास्वपाबाट निर्वाचित हुने सापकोटा एकमात्र उम्मेदवार बनेका छन्। सल्यानबाहेक अन्य क्षेत्रमा रास्वपा दोस्रो स्थानमा समेत आउन सकेन। प्रत्यक्षतर्फ चुनाव जितेर कर्णालीबाट प्रतिनिधिसभा प्रवेश गर्ने रास्वपाका उनी पहिलो व्यक्ति हुन्। सापकोटा रास्वपा सुर्खेत जिल्ला सभापति समेत हुन्।

सुर्खेतलाई लामो समयदेखि नेपाली कांग्रेस र नेकपा एमालेको बलियो किल्ला मानिँदै आएको छ। सुर्खेतका दुई प्रतिनिधिसभा क्षेत्रमा २०४८ सालदेखि कांग्रेस र एमालेबीच नै मुख्य प्रतिस्पर्धा हुँदै आएको थियो। तर यसपटकको प्रतिनिधिसभा निर्वाचनमा यी स्थापित दलहरूलाई चकित पार्दै रास्वपाको उदय भएको छ। सुर्खेत क्षेत्र नम्बर २ बाट सापकोटाले अत्यधिक मतान्तरका साथ जित निकाल्दा पुराना दलहरूको प्रभावलाई चुनौती दिएको विश्लेषण गरिएको छ।



जुम्लामा नेकपा पहिलो दल

जुम्लामा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) पहिलो दल बन्दा नेपाली कांग्रेस दोस्रो दल बनेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ अन्तर्गत समानुपातिक मत परिणाम अनुसार जुम्लामा नेकपा पहिलो दल बन्दा नेकपा एमाले भने चौथो दलमा सिमिति भएको छ।

तर २०७९ को निर्वाचनमा १० हजार ४७६ मतसहित कांग्रेस पहिलो दल बनेको थियो। भने १० हजार ४४८ मत ल्याएर एमाले दोस्रो बनेको थियो। यस पटक नेकपाले सबैभन्दा धेरै १० हजार २०२ मत प्राप्त गर्दै पहिलो दल बनेको छ। भने नेपाली कांग्रेसले नौ हजार ३६० मत प्राप्त गर्दै दोस्रो स्थानमा सिमित छ। यस्तै ६ हजार ५५२ मत सहित राष्ट्रिय प्रजातन्त्र पार्टी तेस्रो भन्दा नेकपा एमाले ६ हजार २९ मतमा सिमित भएर चौथो स्थान भरेको हो।

२०७९ मा पाँच हजार ७९६ मत प्राप्त गरेको राप्रपाले यस पटक थप मत बढाउँदै तेस्रो दल बनेको हो। यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले पाँच हजार ११८ मत प्राप्त गरेको छ। जहाँ २०७९ को निर्वाचनमा रास्वपाले ८९९ मत मात्रै ल्याएको थियो। २०७९ मा हाल नेकपा तथा तत्कालिन माओवादी केन्द्रले ८ हजार ९६० र समाजवादीले दुई हजार ६४८ प्राप्त गरेका थिए।

यस पटकको निर्वाचनमा जुम्लाबाट समानुपातिकतर्क जनता समाजवादी पार्टी, नेपालले १५९ मत, नेपाल मजदुर किसान पार्टीले एक हजार ४९१ मत, जनमत पार्टीले ४७, राष्ट्रिय जनमोर्चाले ३६ र प्रगतिशील लोकतान्त्रिक पार्टीले २५६ मत प्राप्त गरेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। कार्यालयका अनुसार नेपाल लोकतान्त्रिक पार्टीले २०, मंगोल नेशनल अर्गनाइजेशन ६, बहुजन शक्ति पार्टीले चार र नेपाल सद्भावना पार्टीले नौ मत प्राप्त गरेका छन्।

हुम्लामा बन्यो काँग्रेस पहिलो

हिमाली जिल्ला हुम्लाका समानुपातिक मतगणना हुँदा नेपाली काँग्रेस पहिलो दल बनेको छ। जिल्लाका सात वटा गाउँपालिका र एउटा अस्थायी मतदान केन्द्रमा खसेको समानुपातिक मतको गणना गर्दा काँग्रेस पहिलो दल भएको हो।

मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त मतगणनाको विवरण अनुसार नेपाली काँग्रेसले ७ हजार ९१५ मत ल्याएर पहिलो दल भएको छ। त्यसैगरि ६ हजार २३१ मत ल्याएर नेपाली कम्युनिष्ट पार्टी (नेकपा) दोस्रो र ५ हजार २८० मत ल्याएर नेकपा एमाले तेस्रो दलका रुपमा रहेको छ।

विवरणअनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले २ हजार ३५ मत प्राप्त गरेको छ, भने राप्रपाले २०६ मत, प्रगतिशिल लोकतान्त्रिक पार्टीले २१४ मत, नेपाल कम्युनिष्ट पार्टी माओवादीले १०५ मत र राष्ट्रिय मुक्ति आन्दोलन नेपालले २६९ मत प्राप्त गरेका छन्।

त्यसैगरि अन्य ३५ दलले पनि मत प्राप्त गरेका छन्। यी दलहरुले एक देखि ३० वटासम्म मत प्राप्त गरेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। कार्यालयका अनुसार समानुपातिकतर्फ २२ हजार ८२५ खसेकोमा २२ हजार ४३२ मत सदर भएको थियो। भने ३८३ मत बदर भएको छ।

मुलुकले कहिले पाउँछ नयाँ प्रधानमन्त्री ?

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २५ फागुन


२१ फागुनमा भएको निर्वाचनको प्रत्यक्षतर्फको नतिजा आउने क्रम अन्तिम चरणमा छ।

सँग-सँगै समानुपातिकतर्फ पनि मतगणना जारी छ। निर्वाचन आयोगको कार्यप्रगति विश्लेषण गर्दा अबको एक-दुई दिनभित्रै मतगणनासम्बन्धी सम्पूर्ण कार्य सम्पन्न हुनेछ।

यस्तोमा प्रश्न आउँछ, अब नयाँ सरकार कहिले बन्छ ? गठन प्रक्रिया के हुन्छ ? नियम कानूनले के भन्छ ?

प्रत्यक्षतर्फको नतिजा र समानुपातिकको मतगणना गरी प्राप्त मत संख्या निर्वाचन आयोगमा पुग्छ। त्यसपश्चात् आयोगले समानुपातिक मतको बाँडफाँड गर्छ।

कुन दलले समानुपातिकतर्फ कति सीट पाउँछन् कति दल राष्ट्रिय दल बन्छन् भन्ने आयोगले स्पष्ट पार्छ। आयोगले मतभारको आधारमा सीट संख्या विभाजन गरेपश्चात् दलहरूले क्लस्टरअनुसार निर्वाचित सांसदको सूची बुझाउँछन्।



प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ मा निर्वाचनको नतिजा घोषणा भएको एक साताभित्र निर्वाचन परिणामसहितको प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ।

'आयोगले प्रत्यक्ष र समानुपातिक प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन निर्वाचनको नतिजा घोषणा भएको सात दिनभित्र राष्ट्रपति समक्ष पठाउनुपर्नेछ' उक्त दफामा लेखिएको छ।

आयोगका सहयाक प्रवक्ता कुलबहादुर जी.सी. आफूहरूको प्रयास फागुन मसान्तसम्म प्रतिवेदन बुझाउने रहेको बताउँछन्। 'यो मासान्तसम्म प्रक्रिया सकिएला। पहिलो हप्तासम्म प्रतिवेदन राष्ट्रपति समक्ष पुग्छ' उनले भने।

यसरी कानूनको बाध्यात्मक व्यवस्था र निर्वाचन आयोगको तयारी हेर्दा ढिलोमा चैतको पहिलो साताभित्र राष्ट्रपति कार्यालयमा प्रतिवेदन पुग्नेछ। त्यसपश्चात् राष्ट्रपति कार्यालयले निर्वाचनको नतिजाबारे औपचारिक जानकारी प्राप्त गर्नेछ, किनभने कानूनी व्यवस्थाअनुसार आयोगले निर्वाचनसम्बन्धी परिणामको प्रतिवेदन बुझाएपश्चात् मात्र राष्ट्रपतिलाई औपचारिक जानकारी भएको मानिन्छ।

संविधानविद् डा. रुद्र शर्मा पनि राष्ट्रपतिले सरकार गठनका लागि औपचारिक तयारी शुरू गर्नुपूर्व कानूनअनुसार निर्वाचन आयोगले प्रक्रियालाई पूर्णता दिनुपर्ने मत राख्छन्।

'अन्तिम नतिजा आएको सात दिनभित्र राष्ट्रपति कार्यालयमा निर्वाचन आयोगले प्रतिवेदन पेश गरेपश्चात् मात्र सरकार गठनका बाँकी पृष्ठ ४

वायु प्रदूषणबाट बच्न स्वास्थ्य मन्त्रालयको आग्रह

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २५ फागुन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वायु प्रदूषणबाट बच्न सबैलाई आग्रह गरेको छ। मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेकाले त्यसबाट बच्न सबैलाई आग्रह गरेका हुन्। उनले वायु प्रदूषणबाट मुटु, रक्तनली, फोक्सो, दम, क्यान्सर, आँखा, मिर्गौलालगायतमा समस्या देखिने भएकाले सचेत रहन आग्रह गरे।

मन्त्रालयका प्रवक्ता बुढाथोकीले दीर्घरोगी र गर्भवती महिलालाई समेत वायु प्रदूषणले असर गर्ने भएकाले त्यस्ता समूह सकभर बाहिर ननिस्कनसमेत अनुरोध गरेका छन्। वायु प्रदूषणले बालबालिका, ज्येष्ठ नागरिक एवं दम खोकीजस्ता श्वासप्रश्वाससम्बन्धी दीर्घरोगीलाई बढी असर गर्ने भएकाले विशेष सावधानी अपनाउनसमेत मन्त्रालयले आग्रह गरेको छ। मन्त्रालयले सबैलाई बिहान र बेलुका बाहिर ननिस्कन र बाहिर निस्कन परे मास्क लगाउन आग्रह गरेको छ। पुराना गाडीले वायु प्रदूषण बढाउने, वनमा डढेलो, उद्योगधन्दा र विभिन्न निर्माण सामग्रीमा भएका धुलोधुवाँका कारणले प्रदूषण बढेको उनको भनाइ छ। अझै एकहप्ता काठमाडौँमा प्रदूषण रहने मन्त्रालयले जनाएको छ। वायु प्रदूषणको कारण काठमाडौँ उपत्यकाको आकाश धुम्म छ र घाम लाग्न सकेको छैन।

सम्पादकीय

आश्वासन पूरा गर्ने अवसर

प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम परिणामसँगै कर्णालीबाट १२ जना प्रतिनिधिको संसद यात्रा तय भएको छ । चुनावी प्रतिस्पर्धाको लामो प्रक्रियापछि मतदाताले आफ्नो मतमार्फत नयाँ तथा पुराना नेताहरूलाई पुनः जिम्मेवारी सुम्पिएका छन् । अब उनीहरूका लागि यो केवल जितको उत्सव मात्र होइन, जनतासामु गरेका वाचा पूरा गर्ने महत्वपूर्ण अवसर पनि हो । कर्णालीका १२ निर्वाचन क्षेत्रमध्ये नेपाली कांग्रेस पाँच सिट जित्दै पहिलो दल बनेको छ । नेपाल कम्युनिष्ट पार्टीले चार सिट हात पारेको छ भने नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले समान एक-एक सिट जितेका छन् । यस परिणामले कर्णालीमा अझै पनि परम्परागत राजनीतिक दलहरूको प्रभाव कायम रहेको देखाएको छ, तर नयाँ शक्ति र वैकल्पिक आवाजले पनि आफ्नो उपस्थिति जनाउन थालेको संकेत दिएको छ । निर्वाचन परिणामले कर्णालीको राजनीतिक चित्र विविध र रोचक बनाएको छ । केही नेताले पहिलो पटक संसद् यात्रा तय गर्दै नयाँ अध्याय सुरू गरेका छन् भने केहीले आफ्नो राजनीतिक प्रभावलाई पुनः प्रमाणित गरेका छन् ।


सुर्खेत-२ बाट रास्वपाका रमेशकुमार सापकोटाले पहिलो पटक निर्वाचन जित्दै नयाँ शक्ति कर्णालीमा पनि स्थापित हुन सक्ने सम्भावना देखाएका छन् । सुर्खेत-१ बाट नेपाली कांग्रेसका विष्णुबहादुर खड्का र दैलेख-१ बाट बासना कुमारी शाहीले पनि पहिलो पटक प्रतिनिधिसभामा प्रवेश गर्दै नयाँ नेतृत्वको संकेत दिएका छन् । त्यस्तै, कालिकोटबाट महेन्द्रबहादुर शाहीले लगातार तेस्रो पटक जित निकाल्दै आफ्नो राजनीतिक विरासत जोगाएका छन् । जुम्लाबाट राप्रपाका ज्ञानबहादुर शाही दोस्रो पटक निर्वाचित भएका छन् भने दैलेख-२ बाट एमालेका लक्ष्मीप्रसाद पोखरेलले पनि आफ्नो राजनीतिक अनुभवलाई पुनः पुष्टि गरेका छन् । जाजरकोटमा खडकबहादुर बुढा, हुम्लाबाट जयपति रोकाया, मुगुबाट खड्ग शाही, सल्यानबाट रमेश कुमार मल्ल, डोल्पाबाट धनबहादुर बुढा र रूकुमपश्चिमबाट गोपाल शर्माले संसदीय यात्रा तय गरेका छन् । यसले कर्णालीमा अनुभव र नयाँ नेतृत्व दुवैको मिश्रण संसद् पुगेको देखाउँछ । तर निर्वाचन परिणामको वास्तविक अर्थ जित र हारको गणितमा मात्र सीमित हुँदैन । मतदाताले नेताहरूलाई जिताएर पठाउनुको अर्थ उनीहरूमाथि विश्वास प्रकट गर्नु पनि हो ।

कर्णाली जस्तो भौगोलिक रूपमा विकट र विकासका दृष्टिले पछाडि परेको प्रदेशका लागि संसद्मा प्रतिनिधित्व गर्ने यी नेताहरूको भूमिका अझै महत्वपूर्ण हुन्छ । सडक, शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकास जस्ता आधारभूत मुद्दामा कर्णाली अझै पनि संघर्षरत छ । यसर्थ, अब निर्वाचित सांसदहरूले दलगत स्वार्थभन्दा माथि उठेर कर्णालीको समग्र हितलाई केन्द्रमा राख्नुपर्छ । चुनावी अभियानका क्रममा गरिएका वाचा, घोषणा र प्रतिबद्धताहरू अब व्यवहारमा देखिनु आवश्यक छ । संसद् केवल राजनीतिक बहसको मञ्च मात्र नभई जनताको आवाज उठाउने र समाधान खोज्ने स्थान हो भन्ने कुरा उनीहरूले प्रमाणित गर्नु पर्नेछ । लोकतन्त्रमा जनमत सर्वोच्च हुन्छ । मतदाताले दिएको जनादेशलाई सम्मान गर्दै अब निर्वाचित प्रतिनिधिहरूले जिम्मेवारीपूर्वक काम गर्ने समय आएको छ । यदि उनीहरूले जनताको अपेक्षा पूरा गर्न सके भने यो जित अर्थपूर्ण बन्नेछ । अन्यथा, जनताले अर्को निर्वाचनमा आफ्नो निर्णय बदल्न पनि सक्छन् । त्यसैले, कर्णालीबाट संसद् पुगेका १२ जनाका लागि यो जितभन्दा ठूलो परीक्षा अब सुरू भएको छ । जनताको विश्वासलाई काममार्फत प्रमाणित गर्ने परीक्षा मात्रै होइन आश्वासन पूरा गर्ने अवसर पनि हो ।

बिग्रेको घर सम्हाल्ने आमाझैं देश सम्हाल्ने सुशीला कार्की



✍ नारायणी देवकोटा



“२१ फागुनमा निर्वाचनका लागि मानिसहरु लाइनमा लागेको दृश्य धेरैका लागि राज्यको जित थियो । मतदान गर्न आउने धेरै मानिसले लामो सास तान्दै ‘कस्सो चुनाव त भयो है’ भन्दै गरेको दृश्य भावुक बनाउने खालको थियो । देशभर शान्तिपूर्ण रूपमा निर्वाचन भयो ।

२३ भदौको त्रासदीले भरिएको रात धेरै नेपाली निदाउन सकेनन् । भोलिपल्टको बिहान काठमाडौंका सडकमा कर्फ्यु लागेको थियो । हिम्मत हुनेहरू सडकमा निस्किएका थिए, नहुनेहरू अघिल्लो दिन मृत्यु भएका मानिसको संख्या, घाइतेको अवस्था, अस्पतालको भिडलाई समाचारमा हेरिरहेका थिए ।

यिनै समाचारको मेसोमा एउटी पाको उमेरकी महिला संसद भवनअगाडि भिडमा उभिएकी थिइन् । नेपालको पहिलो महिला प्रधानन्यायाधीश भइसकेकी उनलाई देखेर मानिसहरू भनिरहेका थिए, ‘आमैले हिम्मत त गरेकी हुन् ।’

केही बेरपछि नेताहरूको घर घेर्न मानिसहरू पुगेका थिए । बिस्तारै राजनीतिक दलका नेताहरूका घर जल्न थाले, नेताका घरपछि सरकारी कार्यालयहरू जल्न थाले । बिस्तारै पालिकाका कार्यालयदेखि प्रहरी कार्यालय, सिंहदरबार, सर्वोच्च अदालत अनि व्यापारिक भवन र होटल जल्न थाले, जेलमा रहेका हजारौं संख्यामा कैदीहरू भाग्न थाले अर्थात् जेल ब्रेक गरे ।

अघिल्लो दिन मानिस मारिएको दृश्यले बिथोलिएका आममानिसहरू २४ भदौको साँझसम्ममा पुग्दा राज्यविहीन भएर देश नै रहला कि नरहला भन्ने चिन्ताले बिथोलिन थाले । देशमा राजनीतिक दलका मुख्य नेतादेखि प्रधानमन्त्री र राष्ट्रपति नै कता कुन अवस्थामा छन् भन्ने प्रश्न उठिरहेको थियो ।

सडकमा प्रहरी थिएनन्, प्रहरी कार्यालयहरू भग्नावशेषमा परिणत भएका थिए । देशमा राजा आउने, सैनिक शासन लागू हुने, भारतीय सेना सिमानामा तैनाथ भएका यावत हल्लाहरू थिए । मानिसहरू निदाउन सकेका थिएनन् । जेन-जीहरूले प्रधानमन्त्री बनिदिन अनुरोध गरिएका व्यक्तिहरू कोही फोन अफ गरेर बेपत्ता थिए, कोही मानिरहेका थिएनन् । अप्सनमा सुशीला कार्कीको पनि नाम थियो । तर, सुशीला कार्कीको मात्रै थिएन । धेरै प्रौढहरूका लागि पहिलोपटक नाम सुनिएको डिस्कर्डमा युवाहरूले अरु नामसँगै सुशीला कार्कीलाई पनि प्रधानमन्त्रीको रूपमा अगाडि सारे । घण्टौंको छलफलपछि सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने निर्णय गरे युवाहरूले । उहाँले प्रधानमन्त्री बन्ने प्रस्ताब स्वीकार गर्दा ‘ह्या, यो नसम्हालिने राजनीतिमा हात हालेर आफ्नो हुँदा खाँदाको छवि बिगार्न लाग्नुभएको होला ?,’ भन्ने लागिरहेको थियो ।

२७ भदौको साँझ प्रधानमन्त्रीको शपथग्रहणमा हामीले देख्दै आएका शपथग्रहणभन्दा निकै फरक, तडकभडकबिनाको समारोहमा सुशीला कार्कीले साधारण साडी ब्लाउज लगाएर शपथ लिएको दृश्य देख्दा मलाई मेरै आमाहरूको याद आयो । आमआमाहरू जसले आफूलाई साजसज्जा गर्न दसैंको दिनमा पनि फुर्सद पाएका हुँदैनन् र फुर्सद पाएका बेलामा आफूलाई साजसज्जा देखाउने चाहना पनि गर्दैनन् ।

उक्त शपथग्रहण हेरेपछि मैले मेरो फेसबुकमा ’जटिलताका हजार गाँठा बुझेर पनि शिरमा देश बोक्नुभयो । बधाई पनि के भनौं, बिग्रेको घर सम्हाल्ने आमाले झैं यो बिग्रेको देश सम्हाल्न सक्ने साथ, सहयोग र हिम्मत मिलिरहोस् हजुरलाई’ भनेर लेखेकी थिएँ ।

२१ फागुनमा निर्वाचनका लागि मानिसहरू लाइनमा लागेको दृश्य धेरैका लागि राज्यको जित थियो । मतदान गर्न आउने धेरै मानिसले लामो सास तान्दै ‘कस्सो चुनाव त भयो है’ भन्दै गरेको दृश्य भावुक बनाउने खालको थियो । देशभर शान्तिपूर्ण रूपमा निर्वाचन भयो ।

पक्कै पनि यो निर्वाचन गराउन बनेको सरकार थियो र नेपालमा योभन्दा अगाडि पनि निर्वाचन गराउने उद्देश्यले सरकारहरू बनेका थिए र तिनले निर्वाचन गराएका थिए । तर, राजनीतिक अवस्था पहिलाको जस्तो सहज थिएन । राजनीतिका हजार दाउपेच खेल्ने र त्यसैमा सिद्धहस्त भएका पुरुष (पुरुष यस अर्थमा भनिएको हो, राजनीति आज पनि पुरुषहरूले खेल्ने शक्तिको खेल हो भनेर बुझ्ने अझै गरिन्छ, अझै पनि महिलालाई नेताको रूपमा आम रूपमा स्वीकारिएको छैन, नेपाली राजनीतिक वृत्तले त आफ्नो स्वार्थमा बाहेक अझै स्वीकार गरेको छैन) नेताहरूका लागि पनि विघटनको डिलमा पुगेको राज्य र समाजलाई ६ महिनामा सम्हालेर निर्वाचन गराउन सहज थिएन ।

त्यसमाथि उहाँको पेसागत पृष्ठभूमि, राजनीतिक दलका नेताप्रतिको उहाँको आफ्नै आलोचनात्मक सोच पनि अनुकूल थिएन । त्यसमाथि राजनीतिक दल र दलका नेताको नाम नै लिन नचाहने युवाहरू आक्रोशको रापताप एकातिर र अर्कोतिर युवा आक्रोशले सत्ताबाट जबरजस्ती सडकमा ल्याएको र भौतिक आर्थिक रूपमा नै घर सम्पत्ति जलेर घरबारविहीन भएका राजनीतिक दलका नेताहरूलाई समेटेर निर्वाचन गराउनु यसअघिका निर्वाचनभन्दा फरक र चुनौतीपूर्ण थियो । राजनीतिक दलविरोधी असंगठित आक्रोश र राजनीतिक दलको संगठित प्रतिशोधको सम्भावनाका बीचमा निर्वाचन गराउँछु भन्ने प्रतिबद्धता नै पनि ठूलो साहस थियो ।

उहाँ प्रधानमन्त्री भएपछि धेरैले उहाँलाई ‘कति दिनको प्रधानमन्त्री हो’ वा ‘आमैको रिस कडा छ, लौ म बन्दिनँ प्रधानमन्त्री भनेर बीचमा नै राजीनामा देलिन्’ भन्ने शुभचिन्तकका चासो चिन्तादेखि उनको हैसियतका बारेमा राष्ट्रिय सञ्चारमाध्यममा उडाउनेदेखि आँखा देख्दिनन्, कान सुन्दिनन्जस्ता उमेरलाई लिएर, महिला हुनुलाई सीमा सम्झेर उहाँमाथि घोचपेच चलिरहेका थिए ।

सुरुवातका दिनमा यो सरकारले निर्वाचन गराऊला भन्ने धेरै जान्नेसुन्ने विश्लेषक भनिएकाहरूलाई लागेकै थिएन । यसरी विश्लेषण गर्नेका तर्कमा भने दम पनि थिए । अर्थात् दलहरूले बदला लिएर निर्वाचनमा भाग लिन नै नआऊलान् कि, बहिष्कार गर्लान् कि भन्ने डर पनि उत्तिकै थियो ।

निर्वाचनको माहौल बढ्दै गर्दा राजनीतिक दल निर्वाचनप्रति सकारात्मक बन्दै गर्दा मन्त्रीमण्डलमा रहेका मन्त्रीहरू भटाभट राजीनामा गर्दै पार्टी राजनीतिमा सहभागी हुँदै गर्दा कतै मन्त्रिपरिषद्मा उहाँ मात्रै रहने त होइन भन्ने अवस्था पनि थियो । निर्वाचनको माहौल अगाडि बढे पनि निर्वाचन हुने नहुने अनेक अड्कलबाजीहरू थिए । साथै, २१ निर्वाचन हुन सक्दैन भन्ने ज्योतिषीका भविष्यवाणी पनि कम थिएनन् । त्यसमाथि निर्वाचनको मुखैमा मध्यपूर्वमा बढेको राजनीतिक तनावले समेत तनाव थपिरहेको थियो ।

तमाम तनावका बावजुद २१ फागुनमा निर्वाचनका लागि मानिसहरू लाइनमा लागेको दृश्य धेरैका लागि राज्यको जित थियो । मतदान गर्न आउने धेरै मानिसले लामो सास तान्दै ’कस्सो चुनाव त भयो है’ भन्दै गरेको दृश्य भावुक बनाउने खालको थियो । देशभर शान्तिपूर्ण रूपमा निर्वाचन भयो ।

हार्नेजित्ने सबै पक्षले निर्वाचन शान्तिपूर्ण भएको स्वीकार्दै गर्दा एमाले अध्यक्ष केपी ओलीले बालेनलाई सामाजिक सञ्जाल फेसबुकमा बधाई दिएपछि यो निर्वाचन देशीविदेशी प्रतिक्रियावादी शक्तिहरूको बलमा नभई नेपाली जनता, राजनीतिक दलहरू र सरकारको संयुक्त प्रयासमा देश फेरि एउटा लयमा फर्केको छ ।

यो सबैको संयोजन गर्ने जिम्मेवारी लिइदिन युवाहरूले गरेको अनुरोध स्वीकार गरेर निराशा, सामाजिक विभाजन र आक्रोशको दलदलमा जान लागेको देशलाई साधारण अवस्थामा फर्काएकोमा प्रधानमन्त्री सुशीला कार्की नेपालको इतिहासमा सधैं गर्वका साथ सम्झिरहने नाम बन्नुभएको छ ।

मनोरञ्जन

सामाजिक सञ्जालमा राजेश हमालको आलोचना किन भइरहेको छ ?



यो चुनावी माहोलबीच अभिनेता राजेश हमालले भने सामाजिक सञ्जालमा गाली खाइरहेका छन् । कारण किन ?

२१ फागुनमा सम्पन्न चुनावको पूर्वसन्ध्यामा हमालले भिडियोमार्फत जेनजीसहित वैकल्पिक राजनीतिक दलप्रति असन्तुष्टिपूर्ण प्रतिक्रिया जनाएका थिए । साथै, देश चलाउन अनुभवी व्यक्ति चाहिने बताएका थिए ।

नेपालको भूराजनीतिका कारण नेपाली राजनीति सधैं पेचिलो हुने गरेको र यसबाट देशलाई जोगाउन फरेन पोलेसी बुझेको र रणनीतिक सोच भएको व्यक्ति चाहिने बताएका थिए ।

छिमेकीसहित सबै देशलाई मिलाएर लैजाने व्यक्ति चाहिले अन्यथा नेपालको सार्वभौमिकतामाथि खतरा पैदा हुनसक्ने उनले बताएका थिए । लहड, उक्साहट, बहकाउ र पपुलारिटीभन्दा पनि देश चलाउन रणनीतिक रुपमा सफल र सक्षम व्यक्ति चाहिनेमा उनको जोड थियो । पुराना दलहरूको छवि धमिलिएको र नयाँ शक्ति भनाउँदाहरू अपरिपक्व रहेको टिप्पणी हमालले गरेका थिए ।

राजनीतिक संस्कार भएको भ्यक्तिको हातमा राज्यसत्ता पुग्नुपर्छ भन्ने राजेशको अभिव्यक्तिलाई रास्वपा समर्थकले रास्वपाविरुद्ध बोलेको रुपमा बुझेर उनलाई गाली गरिरहेका छन् ।

उक्त भिडियो सार्वजनिक भए लगत्तै हजारौंको संख्यामा नकरात्मक टिप्पणी ओइरिएका छन् । रास्वपा समर्थकले हमाललाई ‘पुराना दलको एजेन्ट’ र ‘परिवर्तन विरोधी’ भएको भन्दै टिप्पणी गरिरहेका छन् । धेरैले उनलाई ‘ आउटडेटेड’ भएको आरोप लगाउँदै उनको सार्वजनिक कदमाथि नै प्रश्न उठाएका छन् ।

कतिपय समर्थकहरूले त हमाललाई ‘बहिष्कार’ गर्ने र उनको भिडियोलाई ‘रिपोर्ट’ गर्ने सम्मको चेतावनी दिएका छन् ।

एक प्रयोगकर्ताले लेखेका छन्, ‘३० वर्ष देश लुट्नेहरूलाई अनुभवी देख्ने महानायकको चश्मा अब फेर्नुपर्ने बेला भयो ।” अर्का एक आक्रोशित समर्थकले लेखेका छन्, “हमाल जी, अब कलाकारितामै रमाउनुस्, जनताको विवेकलाई ‘लहड’ भनेर अपमान गर्ने अधिकार तपाईंलाई छैन ।”

त्यस्तै, अर्का एक जनाले टिप्पणी गरेका छन्, “कलाकारितामा तपाईंको सम्मान थियो, तर परिवर्तनको लहरलाई उक्साहट देख्नु तपाईंको ठूलो भूल हो । अब नयाँ पुस्ताको पालो हो ।”

विश्व

बालेनको जितबारे के भन्छन् बैंग्लोरमा उनलाई पढाएका प्राध्यापक ?

नेपालको राजनीतिक वृत्तमा अहिले एउटा नाम निकै चर्चामा छ- बालेन शाह । च्यापरबाट राजनीतिमा होमिएर छोटो समयमै उदाएका उनी अब देशको भावी प्रधानमन्त्रीका रूपमा हेरिएका छन् ।

तर, धेरैलाई थाहा नहुन सक्छ, शाहले कुनै समय भारतको बैंगलोरस्थित निट्टे मिनाक्षी इन्स्टिच्युट अफ टेक्नोलोजी (एनएमआईटी) मा अध्ययन गरेका थिए, जहाँबाट उनले स्ट्रक्चरल इन्जिनियरिङ (सिभिल इन्जिनियरिङको एक विधा) मा एमटेक गरेका हुन् ।

निर्वाचन आयोगको घोषणाअनुसार, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ले झापा-५ बाट संसदीय चुनाव जितेका छन् । उनले आफ्ना कडा प्रतिस्पर्धी तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई पराजित गरेका हुन् । रास्वपाले चुनावमा सानदार बहुमत हासिल गरेसँगै संसद्को तल्लो सदनमा प्रवेश पाएका बालेनको प्रधानमन्त्री बन्ने बाटो लगभग तय भएको छ ।

एनडीटीभीसँगको विशेष कुराकानीमा, शाहलाई पढाउने एनएमआइटीका प्राध्यापकहरूले आफ्ना एक पूर्वविद्यार्थी नेपालको प्रमुख राजनीतिक व्यक्तित्वका रूपमा उदाएको देख्न पाउँदा गर्व महसुस भएको बताएका छन् ।

सिभिल इन्जिनियरिङ विभागका प्राध्यापक श्रेयस एभी, जसले उनलाई मेकानिक्स अफ डिफर्मेबल बडिज र फाइनाइट एलिमेन्ट मेथड्सजस्ता विषय पढाएका थिए, शाहलाई एक अनुशासित र लक्ष्यप्रति केन्द्रित विद्यार्थीका रूपमा सम्झन्छन् । उनका अनुसार शाह सन् २०१६ मा अन्य दुई नेपाली विद्यार्थी सुनिल लम्साल र प्रवीण श्रेष्ठसँगै उक्त इन्स्टिच्युटमा भर्ना भएका थिए र उनीहरू कलेजको पहिलो अटोनोमस ब्याचका विद्यार्थी थिए ।

‘उनी यो उचाइसम्म पुगेको देख्दा हामी धेरै खुसी छौं । उनी धेरै समयपालक र आज्ञाकारी विद्यार्थी थिए । बालेन्द्र अलि शान्त स्वभावका थिए,’ प्राध्यापक श्रेयसले भने ।

उनले थपे, ‘शाहभित्र एउटा च्यापर लुकेको भए तापनि उनले कलेज परिसरमा त्यो पाटो विरलै देखाउँथे ।’

रोचक कुरा के छ भने, इन्स्टिच्युटमा रहँदा शाहले कुनै स्पष्ट राजनीतिक झुकाव देखाएका थिएनन् । बरु, प्राध्यापकहरू उनलाई उनको शैक्षिक प्रतिबद्धताका लागि सम्झन्छन् ।

‘यहाँ विद्यार्थी हुँदा उनले प्रायः कुनै राजनीतिक झुकाव व्यक्त गर्दैनथे । तर पढाइमा उनी निकै गम्भीर थिए । उनीहरू धेरै जिज्ञासा बोकेर आउँथे र बेलुकाको समयमा समेत ती कुराहरू स्पष्ट पारेर मात्रै जान्थे,’ प्राध्यापक श्रेयसले स्मरण गरे ।


एनएमआइटीका उपाध्यक्ष सन्दीप शास्त्रीले शाहलाई संस्थाको एक गौरवान्वित पूर्वविद्यार्थी मान्दै उनको यो उदयलाई विश्वविद्यालयका लागि ‘मुकुटको अर्को गहना’ को रूपमा वर्णन गरे ।

‘हाम्रो जस्तो संस्थाका लागि यो ठुलो सम्मानको कुरा हो कि आठ वर्षअघि यहाँ पढेको व्यक्ति छिमेकी देशको सरकारको नेतृत्व गर्ने तहमा पुग्दैछ,’ उनले भने, ‘उनी एक मेहनती विद्यार्थी थिए जसले आफ्नो काम समयमै पूरा गर्थे, आफ्नो इन्टर्नसिप राम्रोसँग गर्थे र धेरै अनुशासित थिए । त्यतिबेला हामीसँग धेरै नेपाली विद्यार्थी थिए, र उनी अरूका लागि पनि प्रेरणाको स्रोत थिए ।’

राजनीतिमा आउनुअघि शाह आफ्नो नेपाली च्याप संगीतका कारण निकै लोकप्रिय भएका थिए । यद्यपि, उनका प्राध्यापकहरूका अनुसार उनले कलेज परिसरमा कहिल्यै प्रस्तुति दिएनन् वा च्याप गाएनन् ।

बालेनले सार्वजनिक गरे चुनावी खर्चको विवरण





काँक्रेविहार संवाददाता
काठमाडौं, २५ फागुन

झापा ५ बाट चुनाव जितेका रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह बालेनले आफ्नो चुनावी खर्च सार्वजनिक गरेका छन्। विवरणमा उनले १४ लाख १७ हजार २८९ खर्च गरेका छन्।

उनले दुईवटा सवारीसाधनको १५ दिनको भाडा खर्च २ लाख ९३ हजार, पाँचपटकको हवाइ भाडा खर्च ३५ हजार, मतदाता प्रशिक्षण कार्यक्रमको खाजा खर्च ५८ जनाको लागि २८ हजार ९७०, १५ दिनको वडास्तरीय प्रचार कार्यक्रम (घरदैलो) २९ वडामा गर्दा ५ लाख ९० हजार, नमुना मतपत्र छपाईमा ४९ हजार ८५० खर्च गरेको विवरण पेस गरेका छन्।

त्यस्तै, क्षेत्रीय निर्वाचन सञ्चालनको पानी खर्च २ महिनाको १ लाख २० हजार, क्षेत्रीय निर्वाचन कार्यालय सञ्चालनको स्टेशनरी खर्च २ महिनाको २२ हजार ८२०, प्रचारप्रसार सामग्री छपाई (झन्डा र ब्याच) १ लाख ५७ हजार ४१, प्रचारप्रसार सामग्री (ब्यानर तथा स्टिकर) १ लाख १९ हजार ८०८ र मनोनयन दर्ता को १० हजार गरेर १४ लाख १७ हजार २८९ खर्च भएको विवरण सार्वजनिक गरिएको छ।

लुम्बिनीमा रास्वपाको वर्चस्व २६ मध्ये २१ सिटमा विजयी

काँक्रेविहार संवाददाता
बुटवल, २५ फागुन

लुम्बिनी प्रदेशका १२ जिल्लामा रहेका प्रतिनिधिसभाका २६ निर्वाचन क्षेत्रमध्ये २१ क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार विजयी भएका छन्। निर्वाचन आयोगका अनुसार नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले दुई-दुई सिट जितेका छन् भने नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले एक सिट जितेको छ।

रुपन्देही जिल्लाका पाँच वटै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी भएका छन्। रुपन्देही-१ मा सुनिल लम्साल, रुपन्देही-२ मा सुलभ खरेल, रुपन्देही-३ मा लेखजंग थापा, रुपन्देही-४ मा कन्हैया बनियाँ र रुपन्देही-५ मा तौफिक अहमद खान विजयी भएका हुन्।

पश्चिम नवलपरासी-१ मा विक्रम खनाल र पश्चिम नवलपरासी-२ मा नरेन्द्रकुमार गुप्ता विजयी भएका छन्। कपिलवस्तु-१ मा मोहनलाल आचार्य र कपिलवस्तु-२ मा विक्रमसिंह थापा विजयी भए भने कपिलवस्तु-३ मा अभिषेक प्रताप शाह (कांग्रेस) निर्वाचित भएका छन्। दाङ-१ मा देवराज पाठक, दाङ-२ मा विपीनकुमार आचार्य र दाङ-३ मा कमल सुवेदी विजयी



भएका छन्। गुल्मी-१ मा सागर ढकाल र गुल्मी-२ मा गोविन्द पन्थी विजयी भएका हुन्।

बर्दिया-१ मा ठाकुरसिंह थारु र बर्दिया-२ मा श्रीधर पोखरेल विजयी भएका छन्। बाँके-१ मा सुरेशकुमार चौधरी र बाँके-३ मा खगेन्द्र सुनार विजयी भए भने बाँके-२ मा एमालेका मोहम्मद इश्तियाक राई निर्वाचित भएका छन्।

रुकुम पूर्वमा भने नेकपाका पुष्पकमल दाहाल 'प्रचण्ड' तथा रोल्पामा नेकपाकै वर्षमान पुन विजयी भएका छन्। प्युठानमा रास्वपाका सुशान्त बैदिक विजयी भएका छन्। पाल्पा-१ मा कांग्रेसका सन्दीप राना तथा पाल्पा-२ मा माधवबहादुर थापा विजयी भएका छन्। यस्तै अर्घाखाँचीमा रास्वपाका हरिप्रसाद भुसाल विजयी भएका छन्। यसरी लुम्बिनी प्रदेशमा रास्वपाले अधिकांश क्षेत्रमा विजय हासिल गर्दै प्रदेशको राजनीतिक समीकरणमा आफ्नो प्रभाव बलियो बनाएको छ।

सुदूरपश्चिममा रास्वपा १६ मध्ये १० सिट जितदै पहिलो दल

काँक्रेविहार संवाददाता
धनगढी, २५ फागुन

सुदूरपश्चिम प्रदेशका प्रतिनिधिसभाका सबै १६ निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ। परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी ले १० सिट जितदै प्रदेशकै पहिलो दल बन्न सफल भएको छ।

कैलालीमा रास्वपाको बलियो प्रदर्शन

कैलाली जिल्लाका पाँचवटै निर्वाचन क्षेत्रमा रास्वपाले जित हासिल गरेको छ। कैलाली-१ मा कोमल ज्ञवाली १७ हजार ८ सय २६ मतसहित विजयी भइन्। कैलाली-५ मा आनन्द चन्द ३१ हजार ९ सय ५३ मत ल्याएर निर्वाचित भए। त्यस्तै कैलाली-३ मा जगतप्रसाद जोशी २० हजार ३ सय ५९ मतसहित विजयी भए भने कैलाली-४ मा खेमराज कोइराला २८ हजार ५ सय ५६ मत ल्याएर निर्वाचित भए। कैलाली-२ मा केपी खनाल १९ हजार ५७ मतसहित विजयी



भएका छन्।

कञ्चनपुरमा पनि फराकिलो जित

कञ्चनपुर जिल्लामा पनि रास्वपाका उम्मेदवारहरूले प्रभावशाली जित निकालेका छन्। कञ्चनपुर-२ मा दीपक बोहरा ३३ हजार ९ सय ५२ मतसहित निर्वाचित भए भने कञ्चनपुर-१ मा जनकसिंह धामी २४ हजार ३ सय ३२ मत ल्याएर विजयी भए। कञ्चनपुर-३ मा ज्ञानेन्द्रसिंह महता ले नेपाली कांग्रेस का उम्मेदवार हरिप्रसाद बोहरा लाई १७ हजार ६ सय ७५ मतान्तरले पराजित गर्दै जित हासिल गरेका छन्।

डडेलधुरामा कांग्रेसको किल्ला ढल्यो

डडेलधुरामा भने करिब ३४ वर्षपछि नेपाली कांग्रेस को बलियो किल्ला ढलेको छ। यहाँ रास्वपाका उम्मेदवार ताराप्रसाद जोशी १९ हजार १ सय ३१ मतसहित निर्वाचित भए। उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका नैनसिंह महर ले १२ हजार १ सय २१ मत प्राप्त गरेका थिए। बैतडीमा हरिमोहन भण्डारी २२ हजार १३४ मतसहित विजयी भएका छन्।

यी क्षेत्रमा भने जित्न सकेन रास्वपा

सुदूरपश्चिममा १० सिट जिते पनि रास्वपाले ६ सिट भने गुमाएको छ। अछाम, बझाङ, दार्चुला, डोटी र बाजुरा जिल्लामा मतदाताले पुरानै दलहरूलाई प्राथमिकता दिएका छन्।

अछाम-१ मा ओमप्रकाश रावल ले १ हजार ७ सय ३९ मत प्राप्त गरे भने अछाम-२ मा भुपदेव शाह ४ हजार ५ सय ६२ मतमा सीमित भए। त्यसैगरी बझाङमा शैलेस सिंह ले ९ हजार २ सय ६३ मत, डोटीमा नरेन्द्रबहादुर खड्का ले १३ हजार २ सय ७० मत प्राप्त गरे।

दार्चुलामा राजेश सिंह सामन्त ले ८ हजार ९ सय ३६ मत ल्याए भने बाजुरामा हेमराज थापा ६ हजार ३५ मतमा सीमित भए। यसरी सुदूरपश्चिममा नयाँ राजनीतिक शक्ति रूपमा रास्वपाको उदय देखिएको छ। भने पहाडी केही जिल्लामा भने पुराना दलहरूको प्रभाव यथावत् रहेको देखिएको छ।

रूकुम पश्चिममा १२ मध्ये ९ उम्मेदवारको जमानत जफत

> *निर्वाचन ऐनको दफा ७० (१) अनुसार प्रत्यक्ष निर्वाचनमा सहभागी उम्मेदवारले १० हजार रूपैयाँ धरौटी राख्नुपर्ने व्यवस्था रहेको छ ।*



काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, २५ फागुन

रुकुम पश्चिममा प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिएका १२ जनामध्ये ९ उम्मेदवारको जमानत जफत भएको छ। फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ७१ (१) बमोजिम कुल सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसकेपछि उनीहरूको धरौटी जफत भएको हो।

सहायक निर्वाचन अधिकृत मन्दिरा शाही का अनुसार जिल्लामा ६२ हजार ९ सय ६७ मत खसेको थियो। त्यसमध्ये ५९ हजार ५ सय २३ मत सदर भएको छ। सदर मतको १० प्रतिशत अर्थात् ५ हजार ९ सय ५३ मत ल्याउन नसक्दा ९ उम्मेदवारको जमानत जफत भएको हो।

जमानत जफत हुने उम्मेदवारहरूमा राष्ट्रिय स्वतन्त्र पार्टीका मानबहादुर शाही, नेकपा एमाले का नन्दराम देवकोटा, नेकपा माओवादी केन्द्रका चन्द्रबहादुर बुढा, राष्ट्रिय प्रजातन्त्र पार्टीका गोपाल खड्का, राष्ट्रिय जनमोर्चाका सत्यनारायण श्रेष्ठ, उज्यालो नेपाल पार्टी का नरेन्द्र केसी, नेकपा संयुक्त का शेरबहादुर केसी, आम जनता पार्टीकी प्रेमा दमाई नेपाली र नेपाल मजदुर किसान पार्टीका धनबहादुर विक रहेका छन्। प्राप्त मतअनुसार मानबहादुर शाहीले ४ हजार ७६, नन्दराम देवकोटाले १ हजार ८ सय ६९, चन्द्रबहादुर बुढाले ३ सय ६६, गोपाल खड्काले २ सय २८, सत्यनारायण श्रेष्ठले १ सय ७०, नरेन्द्र केसीले ८४, शेरबहादुर केसीले ५४, प्रेमा दमाई नेपालीले ४५ र धनबहादुर विकले १५ मत प्राप्त गरेका थिए।

यस निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवार गोपाल शर्मा २१ हजार ६ सय ९ मत प्राप्त गरी विजयी भएका थिए। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेस का उम्मेदवार राजु केसीले १६ हजार ६ सय ६१ मत प्राप्त गरे भने प्रगतिशील लोकतान्त्रिक पार्टी का उम्मेदवार जनार्दन शर्माले १४ हजार ३ सय ४६ मत ल्याएका थिए।

निर्वाचन ऐनको दफा ७० (१) अनुसार प्रत्यक्ष निर्वाचनमा सहभागी उम्मेदवारले १० हजार रुपैयाँ धरौटी राख्नुपर्ने व्यवस्था रहेको छ।

जुम्लामा ६ उम्मेदवारको जमानत जफत

काँक्रेविहार संवाददाता
जुम्ला, २५ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनमा जुम्लाबाट चुनाव लडेका १० उम्मेदवारमध्ये ६ जनाको जमानत जफत भएको छ।

एकमात्र निर्वाचन क्षेत्र रहेको जुम्लामा एक स्वतन्त्रसहित १० जना उम्मेदवार प्रतिस्पर्धामा थिए। जिल्ला निर्वाचन कार्यालयका अनुसार कुल खसेको सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसकेपछि ६ उम्मेदवारको धरौटी जफत भएको हो।

जुम्लामा रहेका ७१ हजार ७ सय ३९ मतदातामध्ये ४० हजार ८ सय ७८ मत खसेको थियो। तीमध्ये १ हजार ७ सय ५ मत बदर भएको र ३९ हजार १ सय ७३ मत सदर भएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख दिपेन्द्र कँडेलले जानकारी दिए। कानुनी व्यवस्थाअनुसार उम्मेदवारले सदर मतको कम्तीमा १० प्रतिशत अर्थात् करिब ३ हजार ९ सय १७ मत प्राप्त गर्नुपर्ने हुन्छ।

यस सीमा पूरा गर्न नसकेपछि राष्ट्रिय स्वतन्त्र पार्टी की उम्मेदवार विनिता कठायत सहित ६ जनाको जमानत जफत भएको हो। देशभर रास्वपाको लहर देखिए पनि जुम्लामा भने कठायतले ४ सय २१ मत मात्रै प्राप्त गरिन्।

जमानत जफत हुने अन्य उम्मेदवारहरूमा मनऋषि धिताल (प्रगतिशील लोकतान्त्रिक पार्टी), विर्षबहादुर रावत (नेमकिपा), विर्ख शाही (माओवादी), रनील विक्रम शाही (नेजपा) र स्वतन्त्र उम्मेदवार भक्तबहादुर रावल रहेका छन्।

यसैबीच, राष्ट्रिय प्रजातन्त्र पार्टी का उम्मेदवार ज्ञानबहादुर शाही जुम्लाबाट दोस्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। उनले आफ्ना निकटतम प्रतिस्पर्धी नरेश भण्डारी लाई ३ हजार २ सय ४१ मतान्तरले पराजित गर्दै १४ हजार ८ सय १६ मतसहित विजय हासिल गरेका हुन्।

यस जितसँगै जुम्लामा सांसद नदोहोरिने पुरानो परम्परा तोडिएको छ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

प्रतिनिधिसभा निर्वाचनमा रास्वपाको ४० जिल्लामा क्लिनस्वीप



काँक्रेविहार संवाददाता
काठमाडौं, २५ फागुन

प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उल्लेखनीय सफलता हासिल गर्दै देशभर आफ्नो प्रभाव विस्तार गरेको छ। पार्टीले प्रत्यक्षतर्फ ४० जिल्लामा एकलौटी जित निकाल्दै नयाँ राजनीतिक शक्ति रूपमा स्थापित भएको छ। २०७९ सालमा स्थापना भएको रास्वपाले छोटो समयमै राष्ट्रिय राजनीतिमा बलियो उपस्थिति जनाउँदै ऐतिहासिक उपलब्धि हासिल गरेको हो। अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी २१ सिट जितेको रास्वपाले यसपटक प्रत्यक्षतर्फ १ सय २५ सिट जितिसकेको छ।

समानुपातिकतर्फ पनि रास्वपाले उल्लेखनीय मत प्राप्त गरेको छ। हालसम्म पार्टीले ४६ लाख मत प्राप्त गरिसकेको छ, जुन अघिल्लो निर्वाचनमा पाएको ११ लाख २४ हजार ५ सय ५७ मतभन्दा धेरै बढी हो। यसअघि २०६४ सालको संविधानसभा निर्वाचनमा नेकपा माओवादी केन्द्र ले करिब ३२ जिल्लामा एकलौटी जित हासिल गरेको थियो। तर यसपटक रास्वपाले ४० जिल्लामा क्लिनस्विप गर्दै नयाँ राजनीतिक इतिहास बनाएको छ। कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा रास्वपाले उल्लेखनीय सफलता हासिल गरेको छ। विशेषगरी सहरी क्षेत्र र तराईका ठूला मताधार भएका जिल्लामा पार्टीले व्यापक जनसमर्थन प्राप्त गरेको देखिएको छ।

झापा, मोरङ, उदयपुर, काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुली, धादिङ, मकवानपुर, चितवन, काभ्रे, नुवाकोट, तनहुँ, कास्की, बागलुङ, स्याङ्जा, रूपन्देही, दाङ, बर्दिया, कैलाली र कञ्चनपुरलगायत जिल्लामा रास्वपाका उम्मेदवारहरू विजयी भएका छन्। विशेषगरी काठमाडौंका सबै १० निर्वाचन क्षेत्र, झापा र मोरङका सबै क्षेत्र, रूपन्देहीका पाँचवटै क्षेत्र, कैलालीका पाँचवटै क्षेत्र तथा कञ्चनपुरका तीनवटै क्षेत्रमा रास्वपाले एकलौटी जित निकाल्न सफल भएको छ। यसैगरी नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा को गृहजिल्ला डडेलधुरा मा पनि पहिलो पटक कांग्रेसबाहेकको दल विजयी भएको छ। यहाँबाट रास्वपाका तारा जोशी निर्वाचित भएका छन्।

यसपटकको निर्वाचन परिणामले देशको राजनीतिक परिदृश्यमा नयाँ परिवर्तनको संकेत गरेको विश्लेषकहरूले बताएका छन्। पुराना दलहरूको परम्परागत प्रभाव रहेका क्षेत्रमा समेत रास्वपाले विजय हासिल गरेपछि आगामी राजनीतिक समीकरणमा ठूलो फेरबदल आउने सम्भावना देखिएको छ।

चुनावी खर्चबाट बचेको १ लाख रकम सिंजा १ को विद्युत् मर्मतमा खर्च

काँक्रेविहार संवाददाता
जुम्ला, २५ फागुन

प्रगतिशील लोकतान्त्रिक पार्टीका प्रतिनिधिसभा सदस्यका उम्मेदवार मनऋषि धितालले चुनावी खर्चबाट बचेको रकम सामाजिक कार्यमा प्रयोग गर्दै उदाहरणीय काम गरेका छन्। उनले निर्वाचनका क्रममा बचत भएको १ लाख ५० हजार रुपैयाँ जुम्लाको सिंजा गाउँपालिका-१ स्थित जाँच गाउँमा विद्युत् मर्मतका लागि सहयोग गरेका हुन्। चुनावको खर्च जुटाउन धितालले किताब बेच्ने काम गरेका थिए। किताब बेचेरर सङ्कलन गरेको रकम धितालले चुनाव खर्चमा लगानी गरेका थिए। उक्त सङ्कलित रकम चुनाव खर्चबाट बचेको १ लाख ५० हजार रकम विद्युत् मर्मतका लागि सहयोग गरेका हुन्।

केही हप्तादेखि जाँच गाउँमा विद्युत् आपूर्तिमा समस्या देखिँदै आएको थियो। विद्युत्को इन्जिनमा समस्या रहेको हुँदा सहयोग गरेको धितालको भनाइ छ। सिंजा गाउँपालिका १ जाँच गाउँको कुइरी मारे डापकान लघु जलविद्धुत आयोजनाको विद्युत् गृहको इन्जिनमा समस्या हल गर्न सहयोग रहेको बताए।

समस्यालाई मध्यनजर गर्दै धितालले चुनावी खर्चबाट बचेको रकम विद्युत् मर्मतका लागि प्रदान गरेको बताए। उनका अनुसार चुनावका क्रममा खर्चका लागि राखिएको रकम सबै खर्च नभएपछि त्यसलाई अनावश्यक रूपमा खर्च गर्नु भन्दा जनताको प्रत्यक्ष आवश्यकता पूरा हुने क्षेत्रमा प्रयोग गर्नु उचित ठानेको बताए। चुनावका बेला खर्चका लागि राखिएको रकम सबै प्रयोग भएन। बाँकी रहेको पैसा अनावश्यक काममा खर्च गर्नु भन्दा जाँच गाउँमा उज्यालो ल्याउने काममा सहयोग गर्नुपर्छ भन्ने लागेकाले सहयोग गरेको बताए। धितालले प्रदान गरेको सहयोग रकम गाउँमा बिग्रिएका विद्युत् लाइन, तार तथा अन्य संरचना मर्मत गर्न प्रयोग गरिने कुइरी मारे डापकान लघु जलबिद्धुत आयोजनाका अध्यक्ष भक्त बहादुर नेपालले जानकारी दिए। उनका अनुसार, हप्ता दिनदेखि इन्जिनमा केही समस्या आएको हुनाले विद्युत् आपूर्तिमा समस्या रहेको बताए।

मुलुकले...

बाँकी प्रक्रिया अघि बढ्ने कानूनी व्यवस्था छ' उनले भने।

आयोगबाट प्राप्त प्रतिवेदन अध्ययन गरेपश्चात् राष्ट्रपति कार्यालयले नयाँ सरकार गठन प्रक्रिया अघि बढाउने छन्। शीतलनिवासमा यतिबेला राष्ट्रपति रामचन्द्र पौडेल छन्। उनले नै नयाँ सरकार गठनको प्रक्रिया अघि बढाउने हो।

धारा ७६ को उपधारा १ अनुसार बन्नेछ नयाँ सरकार

संविधानविद् शर्माका अनुसार निर्वाचन आयोगले आफ्नो संवैधानिक दायित्व पूरा गरेपश्चात् संविधानको धारा आकर्षित हुनेछ। संविधानको बहुचर्चित धारा ७६ अनुसार चरणबद्ध प्रक्रियाहरू शुरू हुने उनी बताउँछन्। धारा ७६ अनुसार जाँदा उपधारा १ अनुसार बहुमतको सरकार बन्ने प्रावधान छ। राष्ट्रपतिले धारा ७६(१) बमोजिम बहुमत प्राप्त गर्ने दलको संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने संविधानको प्रावधान छ। ७६ (१) मा भनिएको छ, 'राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ।'

यहाँ बिर्सन नहुने विषय भनेको राष्ट्रपतिले सरकार गठन आह्वान गर्नुअगावै दलहरूले संसदीय दलको नेता चयन गर्नुपर्ने हुन्छ। धारा १ अनुसार बन्ने प्रधानमन्त्रीले ७६ (४) अनुसार संसदमा विश्वासको मत लिनुपर्ने आवश्यकता रहँदैन। यदि कुनै दलले स्पष्ट बहुमत नपाएमा मात्र अन्य उपधाराहरू प्रयोगमा आउँछन्।

निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले संविधानको धारा ९३(१) अनुसार, संघीय संसदको अधिवेशन आह्वान गर्नुपर्ने हुन्छ।

नेपालको संविधानको धारा ९३ मा संसद्को अधिवेशन आह्वान र अन्त्यसम्बन्धी व्यवस्था छ। उक्त धाराको उपधारा १ मा निर्वाचनपश्चात् संसद् अधिवेशन आह्वान सम्बन्धमा लेखिएको छ।

'राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्नेछ' उपधारा १ मा लेखिएको छ 'त्यसपछि यस संविधानबमोजिम राष्ट्रपतिले समय-समयमा दुवै वा कुनै सदनको अधिवेशन आह्वान गर्नेछ।'

निर्वाचनको नतिजा हेर्दा संविधानको धारा ७६ (१) अनुसार सरकार बन्दैछ। राष्ट्रिय स्वतन्त्र पार्टीले सरकार गठन गर्न आवश्यक १३८ सिट कटाउने प्रस्ट भइसकेको छ।

रास्वपाले प्रत्यक्षतर्फ १२४ सिटमा जित हासिल गरेको छ भने १ सिटमा अग्रता लिएको छ। समानुपातिकतर्फ प्राप्त गर्ने मत हेर्दा दुईतिहाइको सम्भावना छ।

त्यसैले पहिलो दल रास्वपाको नेतृत्वमा सरकार बन्ने र अन्य आश्चर्यजनक घटना नभए पूर्व घोषणाअनुसार बालेन्द्र शाह बालेन ७६ (१) अनुसार प्रधानमन्त्री बन्ने निश्चित छ। त्यसका लागि चैतको दोस्रो सातासम्म कुर्नुपर्ने हुनसक्छ।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

शे-फोक्सुण्डो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)